नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :
च.नं. :

माननीय नवल किशोर साह सुडी
मन्त्री

# सातौं राष्ट्रिय महिला अधिकार दिवसको उपलक्ष्यमा

## शुभकामना सन्देश

"महिला अधिकारको सम्मानः आत्मनिर्भरता हाम्रो अभियान भन्ने नाराका साथ मनाउन लागिएको सातौं राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदी बहिनी लगायत महिला अधिकारको क्षेत्रमा कार्यरत सम्पूर्ण व्यक्ति तथा संघसंस्थाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०६३ साल जेठ १६ गतेका दिन तत्कालीन पुनर्स्थापित प्रतिनिधिसभाले आमा र बुबामध्ये कसैको पनि नामबाट नागरिकता पाउने, एक तिहाइ नेपाली महिलाको हक अधिकार सम्बन्धी महत्त्वपूर्ण ४ वटा विशेष प्रस्ताव पारित गरेको दिनको स्मरण गर्दै राष्ट्रिय महिला अधिकार दिवस मनाउन थालिएको हो। महिलाको अधिकारलाई सुनिश्चितता प्रदान गर्दै लैङ्गिक समानता कायम गर्न विगतमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रयासहरुलाई यस राष्ट्रिय दिवसले सम्मान र पहिचानका साथ थप उर्जा प्रदान गरेको छ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायतका मौलिक हकको प्रत्याभुति गरेको छ। वर्तमान संवैधानिक, कानूनी तथा संरचनात्मक व्यवस्थाको परिणामस्वरुप राजनैतिक, आर्थिक, शैक्षिक, प्रशासनिक, न्यायिक,सुरक्षा एवं सामाजिक क्षेत्र लगायत राज्यका उच्च तहमा महिलाको पहुँच तथा सहभागिता बढ्दै गएको छ ।तथापि महिला माथि हुने लैङ्गिक हिंसा, विभेद रहेको हुदाँ जसको न्यूनीकरण गर्न राज्यले प्रदान गरेको अधिकारले सहजता प्रदान गरेको छ । तीनै तहका सरकारले महिला मैत्री नीति, योजना,बजेट र कार्यक्रम तय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न हार्दिक आह्वान गर्दछु।

अन्त्यमा, महिला हक अधिकार स्थापनाको लागि आधार तय भएको दिनको रुपमा राष्ट्रिय महिला अधिकार दिवस मनाउन सबैमा हार्दिक अनुरोध गर्दै सारभूत समानता सहितको राष्ट्र निर्माणको यात्रामा अघि बढ्न आजको दिनले सबैलाई प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद,

१६ जेठ, २०८२

नवल किशोर साह सुडी
मन्त्री

मा. नवल किशोर साह सुडी
मन्त्री

फोन नं. : ४२००२८०, इमेल : nawalkishoresah@gmail.com, minister@mowcsc.gov.np, वेवसाइट : www.mowcsc.gov.np